# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ४/०८१/०८२ मितिः २०८१/०६/२०

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्नाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

आज मिति २०८१ साल आश्विन २० गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकमा नगरपालिकामा निम्न विषयमा छलफल गरी सर्वसम्मत रुपमा देहाय बमोजिमको निर्णय गरियो।

१. **समिक्षात्मक छलफल ।**

अघिल्लो कार्यपालिकाको बैठकको निर्णयको कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. **सडक मर्मत सम्भार सम्बन्धमा ।**

यस नगरपालिका भित्र गत वर्षातको कारण तथा अन्य कारण मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेका सडकहरुको पहिचान गरी आउँदो चाडपर्वलाई मध्यनजर गरी तत्काल मर्मत सम्भार गर्नुपर्ने सडक मर्मत सम्भार गर्नका लागि चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत मर्मत सम्भार कोषबाट प्रति वडा १ लाख ५० हजारका दरले रकम विनियोजन गर्ने निर्णय गरियो ।

३. **निःशुल्क हेभी मेसिनरी उपकरण उपलब्ध गराउने सम्बन्धमा ।**

अर्जुनधारा जलेश्वर धाममा वर्षेनी लाग्दै आएको धार्मिक महोत्सवलाई मध्यनजर गर्दै धाम समितिको माग निवेदन बमोजिम धाम परिसर सम्याउने लगायतका कार्यका लागि नगर कार्यपालिकाको हेभी इक्विपमेन्ट (व्याक हो लोडर, ट्रिपर) निःशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

४. **म्याद थप सम्बन्धमा ।**

यस नगरपालिकाको नदीजन्य पदार्थको उत्खनन तथा संकलन सम्बन्धि ठेक्का व्यवस्थापन हुँदा ठेक्का स्वीकृत भएका देहाय बमोजिमका ठेकेदारले ठेक्का सम्झौताका लागि २०८१ मंसिर मसान्तसम्मको म्याद मागी निवेदन दिएको र उक्त ठेक्कामा अन्य वैकल्पिक प्रस्ताव समेत नपरेको हुँदा २०८१ मङ्सिर मसान्तसम्मका लागि ठेक्का सम्झौता गर्ने म्याद थप गर्ने निर्णय गरियो ।

| ठेक्का नं | प्रस्तावकको विवरण | ठेक्काको विवरण |
|---|---|---|
| AM/IR/05/081/82, | विनिताश्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स | टाङटिङ्ग पुल दक्षिण १ कि.मि. छोडेर कैदले उत्तर र टाङटिङ कैदले घाट जाने बाटो दक्षिण र सुखानी खोला पुल उत्तर |
| AM/IR/04/081/82 | भिन्टेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टाङटिङ ठुलो नेते दोभान दक्षिण र ठुलो नेते खोला |
| AM/IR/06/081/82 | भिन्टेज कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टाङटिङ सुखानी दोभान क्षेत्र टाङटिङ तर्फ र सुखानी खोला पुल दक्षिण |

५. **भु-उपयोगको वर्गिकरण सम्बन्धमा ।**

यस नगरपालिको भु उपयोगको वर्गिकरणका सम्बन्धमा साविकमा गरिएको वर्गिकरणमा सम्पूर्ण कित्ताहरुको विवरण समावेश नभई केही कित्ताहरु छुटेको देखिएकाले छुट भएका कित्ताहरुको हकमा समेत लागू हुने गरी परामर्शदाताबाट प्राप्त भई हाल कार्यान्वयनमा रहेको नक्सा स्वीकृत गरी सोही अनुसारका कित्ताहरुको विवरण प्रमाणित गर्ने निर्णय गरियो ।

६. **शिक्षा सम्बन्धि वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ का लागि स्वीकृत भएको शिक्षा तर्फको वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने सम्बन्धमा नगर शिक्षा समितिबाट कार्यक्रमको विस्तृत ढाँचा स्वीकृत भएपश्चात मात्र कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

७. **स्थानीय पाठ्यपुस्तक छपाई उप समिति गठन सम्बन्धमा ।**

यस नगरपालिकाको स्वीकृत स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यपुस्तक छपाई सम्बन्धि कार्यका लागि स्थानीय पाठ्यक्रम निर्माणका लागि मिति २०८१/०३/०८ गतेको नगर कार्यपालिकाको बैठको निर्णयानुसार गठन भएको पाठ्यक्रम विकास समितिलाई नै पाठ्यपुस्तक छपाई उप समितिको समेत कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।समितिका पदाधिकारीहरुलाई साविकमा निर्णय भए अनुसारको बैठक भत्ता कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो ।

८. **धानबालीको क्षतिको क्षतिपूर्तीका लागि सिफारिस सम्बन्धमा ।**

यस नगरपालिकाको वडा नं ४ का कृषकहरुले लगाएको बहुगुणी जातको धानको बिउबाट फसल नलागेको, जसका कारण साविक वर्षहरु भन्दा करिब ७० प्रतिशत कम उत्पादन भई कृषकहरुलाई प्रत्यक्ष प्रभाव पारेको हुँदा प्रभावित क्षेत्रहरुको निरीक्षण, अनुगमन गरी गराई प्रभावित कृषकहरुलाई आवश्यक राहत, क्षतिपूर्ती उपलब्ध गराउनका लागि प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

९. **प्रहरी बिट स्थापना गर्नका लागि सिफारिस सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका वडा नं ६ मा पर्ने महानन्द चौक मातामन्दिर आसपासको क्षेत्रमा बढ्दो शहरिकरण तथा जनसंख्याको अनुपातमा सुरक्षा सुव्यवस्था कायम गर्न एवं त्यस क्षेत्रमा केही समय यता भईरहेको आपराधिक गतिविधि नियन्त्रण समेतका लागि प्रहरी बिट स्थापना गर्नु अति जरुरी देखिएको हुँदा उक्त स्थानमा प्रहरी बिट स्थापना गर्नका लागि जिल्ला सुरक्षा समिति झापामा अनुरोध गर्ने निर्णय गरियो ।

## १०. आर्थिक सहायता सम्बन्धमा ।

कार्यालयमा प्राप्त माग निवेदन बमोजिम देहाय बमोजिमको आयोजना, कार्यक्रम तथा शीर्षकमा देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**क.** बडादशैंको अवसरमा सुरक्षा निकायका कार्यालयमा हुने मौलो पुजा गर्नका लागि देहाय बमोजिमको आर्थिक सहायता उपलब्ध गराउने ।साथै, चाडवाडको समयमा सुरक्षा निकायले थप गस्ती गर्नुपर्ने भएको हुँदा यस कार्यालयबाट इन्धन सुविधा प्राप्त गर्दै आएका सुरक्षा निकायका कार्यालयहरुबाट थप इन्धन सहायता माग भई आएकाले एक पटकका लागि चारचक्के सवारी साधन भएका सुरक्षा निकायलाई ५० लि. तथा मोटरसाइकल भएका निकायका लागि थप १० लि. इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| सशस्त्र प्रहरी बल शनिश्चरे बेस | २५ हजार |
| इलाका प्रहरी कार्यालय अनारमनी | २५ हजार |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा | २० हजार |
| प्रहरी चौकी शनिश्चरे | २५ हजार |
| विमानस्थल सुरक्षा गार्ड चन्द्रगढी | २० हजार |
| नगर प्रहरी बल अर्जुनधारा | २० हजार |
| खुदुनाबारी अस्थायी प्रहरी चौकी | १५ हजार |
| खुदुनाबारी सशस्त्र प्रहरी क्याम्प | २० हजार |
| प्रहरी बिट सालबाडी | १० हजार |
| प्रहरी बिट बुट्टाबारी | १० हजार |

| सि.नं. | आयोजना/ कार्यक्रम/ विवरण | रकम (रु) |
|---|---|---|
| १ | First Step Mr. Jhapa Body Building Championship कार्यक्रम सञ्चालन | ५० हजार |
| २ | रिता देवान, अर्जुनधारा-३ औषधोपचार सहयोग | ५० हजार |
| ३ | भुनमाया तामाङ्ग अर्जुनधारा-९ औषधोपचार सहयोग | ५० हजार |